gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

साप्ताहिक

वर्ष ९ अङ्क ५२ पूर्णाङ्क ४४१ आइतवार, भाद्र २५, २०७४ September 10, 2017, Sunday पृष्ठसङ्ख्या ६+२ मूल्य रु. १०/-

थाली नाचको म्युजिक भिडियो सार्वजनिक

विस्तृत अन्तिम पृष्ठमा

स्याउ खेती विस्तारसँगै उत्पादन बढ्दो

■ सन्तोष गौतम/नवविकल्प

कोवाङ (मुस्ताङ) । स्याउले बजार पाउन थालेपछि मुस्ताङका कृषकहरू उत्साहित भएर खेती विस्तारमा लागेका छन् ।

सडक सुविधासंगै उत्पादीत स्याउ बजारमा पुऱ्याउन सहज भएपछि मुस्ताङमा स्याउ खेती विस्तारले तिव्रता पाएको हो । बेनी-जोमसोम सडक निर्माण भएपछि बजार पाउन थालेपछि स्याउको खेती विस्तार र उत्पादन बढ्दै गएको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ ।

गत वर्ष चार हजार ५०० सय मेट्रिक्टन स्याउ उत्पादन भएको थियो । यस वर्ष अनुकुल मौमस र उत्पादन दिने नयाँ बिरूवा थपिएकाले गत वर्षको तुलनामा दश प्रतिशतले स्याउ उत्पादन बढ्ने अनुमान गरिएको कार्यालयका योजना अधिकृत शिवपुजन गुप्ताले जानकारी दिनुभयो ।

"जिल्लाभर एक हजार ११५ हेक्टरमा गरिएको स्याउ खेती मध्य ३७० हेक्टरमा लगाइएको बोटले फल दिन्छ" योजना अधिकृत गुप्ताले भन्नुभयो "अनुकुल मौसम, रोगकिराको समस्या कम भएको र नयाँ बोट थपिएकाले उत्पादन बढेको हो ।"

कोवाङ, टुकुचे, मार्फा, जोमसोम, कागबोनी, छुसाङमा रेड, गोल्डेन, रिचारेड, फुजी र रोयल डेलीसियस जातको स्याउ खेती हुन्छ । स्याउ बेचेर एक जनाले वार्षिक एक लाख रूपैया देखि ७०/८० लाख रूपैयाँ सम्म कमाई गर्छन् । स्याउ खेती हिमाली जिल्ला मुस्ताङका बासिन्दाको प्रमुख आयस्रोत बनेको छ ।

म्याग्दी, बागलुङ, पर्वत, पोखरा, चितवन, काठमाडौं, चितवन, धादीङ, तनहुँ, स्यास्ङ्जामा मुस्ताङको स्याउ निकासी हुने गरेको छ । गत वर्ष २३ करोड रूपैयाँ मूल्य बराबरको तिन हजार २०० मेट्रिक्टन स्याउ मुस्ताङबाट निकासी भएको कृषि विकास कार्यालयले जनाएको छ ।

सडक र स्याउले मुस्ताङका कृषकको जिवनमा नसोचेको परिवर्तन ल्याएको कोवाङका रत्नप्रसाद शेरचनले बताउनुभयो । मुस्ताङका खाली पाखो र बगरमा स्याउ खेती विस्तारको लहरनै चलेको छ ।

अधिकांश स्याउ बगैचा फल टिप्नु अघिनै बिक्री भइसकेको छ । बगैचामा लटरम्म स्याउ फलेकोमा

बाँकी पृष्ठ ७ मा

नांगीमा कोशेली घर

■ नवविकल्प

म्याग्दीको अन्नपूर्ण गाउँपालिका ८ नांगीका उद्यमीहरूले स्थानीय उत्पादनको बजारीकरणका लागि कोशेली घर (बिक्री कक्ष) स्थापना गरेका छन् । अन्नपूर्ण धौलागिरी सामुदायिक पदमार्ग अन्तरगत पर्ने नांगीको भ्रमणमा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरेर नांगी स्थित सामुदायिक लज परिसरमा कोशेली घर स्थापना गरेका हुन् ।

वडा कार्यालयको सहयोग र उद्यमीहरूले श्रमदान गरेर दुई लाख रूपैयाँको लागतमो बिक्री कक्ष भवन निर्माण गरिएको उद्यमी जसमाया पुर्जाले बताउनुभयो । बिक्री कक्षमा नांगीमा उत्पादीत नेपाली कागजबाट तयार गरिएको डायरी, सपीङ ब्याग, नोटबुक, ल्याम्पसेट, कागजका गहना, स्वीटर, टोपी, झोला, आरूबखडाको जाम, च्याउ लगायतका सामाग्री राखिएको छ ।

नांगी भ्रमणमा आउने पर्यटकहरूले कोशेलीको रूपमा ति सामान किनेर लैजान सजिलो होस भनेर बिक्री कक्ष सञ्चालन गरिएको उद्यमी राममाया पुनले बताउनुभयो । उद्यमीले तयार पारेका सामाग्री कोशेली घरमा संकलन गरि बिक्री गर्ने व्यवस्था मिलाइएको छ ।

उद्यमीहरूलाई सामान बेच्न र पर्यटकलाई नांगी गाउँको पहिचानको रूपमा सामान किनेर लैजान सजिलो भएको छ । ७ जनाले नेपाली कागजबाट सामान बनाउने र १५ जनाले झोला, स्विटर, टोपी, गलबन्दि बुन्न तथा जाम बनाउने गर्दै आएका छन् । सामान बिक्री गर्न बजार जाँदा धेरै समय लाग्नुका साथै उचित मूल्य नपाउने समस्या भएपछि कोशेली घर सञ्चालन गरिएको उद्यमी कुमारी चोचाङगीले बताउनुभयो । बिक्री कक्ष रहेको भवनमा मगर संग्रहालय समेत सञ्चालन गर्ने उनीहरूको योजना छ । संग्रहालय सञ्चालनका लागि मगर समुदायको दैनिक जिवनयापनमा प्रयोग हुने परम्परागत सामाग्रीहरू संकलन गर्न थालीएको छ ।

नांगीका उद्यमीहरूलाई लघुउद्यम विकास कार्यक्रम र गरिबी निवारण कोषले तालीम, घुम्ती कोष र बजारीकरणमा सघाउदै आएका छन् । दन्द्व प्रभावीतका लागि बजार निर्माण परियोजना अन्तरगत दुई वटा उत्पादन समूहमा आवद्ध उद्यमीलाई गरिबी निवारण कोषले घुम्ती कोष सञ्चालनका लागि चार लाख रूपैया भन्दा बढी उपलब्ध गराएको छ ।

यसैगरी परम्परागत सिपको संरक्षण, व्यवसायिक उत्पादन र आधुनिक औजारको प्रयोग सम्बन्धि तालीमका साथै विभिन्न ठाउँमा प्रर्दशनीको व्यवस्था मिलाएको धौलागिरी सामुदायिक स्रोत विकास केन्द्रका कार्यक्रम संयोजक रमेश पौडेलले बताउनुभयो ।

प्रो. रिम कटुवाल क्षेत्री/हरि भण्डारी

रारा अटोमोबाईल्स

पर्वत बेनी, पक्की पुल नजिकै, हाइवे रोड

(फोन : ०६९-५२०९९, मोवाइल ९८५७६२१८६३, ९८०६१३०४९०)

हाम्रा सेवाहरू

विगत लामो समयदेखि कालीपुलबाट सेवा प्रवाह गर्दै आएको रारा अटोमोबाईल्स अब पक्की मोटरेवलपुलको नजिकै पर्वत बेनीको आफ्नै भवनबाट सेवा प्रवाह गरेको जानकारी गराउँदछौ । नयाँ मोडेलका महेन्द्र एण्ड महेन्द्र कम्पनिका सवै गाडी र ट्याक्टरहरुको अधिकृत विक्रेता । गाडी मर्मत गर्नुपरेमा साथै सर्भिसिङ गर्नुपरेमा हामीलाई सम्झनुहोस । टिभिएस ब्राण्डका बाइक र स्कुटीहरु बिक्री तथा मर्मत पनि गरिन्छ ।

प्रो. सुरेन्द्रराज शर्मा मो.नं. ९८५७६२२०७७, ९८५७६२४५७७

संगम ट्रेडर्स & संगम हार्डवयर

कालीपुल (वेष्ट प्वाइन्ट कलेजको नजिक) बेनी, म्याग्दी

फोन : ०६९-५२१११७, फ्याक्स : ०६९-५२०९२८

हाम्रा सेवाहरू

हामीकहाँ निर्माण सम्बन्धी सम्पूर्ण सामग्रीहरु (छड, सिमेन्ट, कर्कटपाता, पाइप, पाइप फिटिङका सामान, रंगरोगन) थोक तथा फुटकर थोक मूल्यमा पाइन्छ।

ब्रिज सिमेन्ट र पञ्चकन्याबाट उत्पादित सम्पूर्ण सामानका साथै नेरोल्याक पेन्टस्को अधिकृत बिक्रेता

हाम्रो सेवा दरबाङ बजारबाट पनि- फोन : ०६९-६८००७७

सूचना

दुई पाङ्गे सवारी साधनको अगाडि/पछाडि स-साना बालबालिका राखी सवारी साधन चलाउँदा अनिवार्यरुपमा बालबालिकालाई सुरक्षित बेल्टले बाँधी आवश्यकताअनुसार हेल्मेट समेत लगाइदिने गरौं ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

पाठक आवाज

नसुधिएको सार्वजनिक यातायात

बागलुङ, बेनी र पर्वत देखी काठमाडौं चल्ने यातायात सुधार उन्मुख नै छ। साधरणबस बाट डिलक्स र एसी भयो। बसको रंग त बदलियो तर समिति र ब्यवसायीहरू कहिल्यै बदलिएनन्। बोलिचाली ब्यवहार उस्तै ।

अझ रात्रीबसको खानाको त के कुरा ? एक्लेफाँटमा रातको २ बजे।

पहिलो कुरा समयको, हामी नेपालीहरू कसैको घरमा पनि रातको २ बजे खाना पाक्दैन। र हाम्रो खाने बानी पनि छैन।

दोस्रो कुरा खानाको गुणस्तरको, रातको २ बजे खुवाउने खाना कतिवेला पाक्छ होला ? रातको १२, १०, ८, ६ होईन यो खानाको तयारी बिहानै देखि गरिएको हुन्छ र दिनमा पकाउन शुरू गरिन्छ। साँझ नपर्दै खाना तयार हुन्छ। साँझ तयार खाना रातको २ बजे बासी हुन्छ कि हुँदैन।

तेस्रो कुरा स्वास्थ्यको, साँझ ६ बजे बेनी वा काठमाडौबाट छुट्ने बसमा यात्रुहरूलाई केबल एक बोत्तल पानीको भरमा रातको २ बजे एक्लेफाँट पुऱ्याउँदा ८ घण्टा पेट खाली हुन्छ। पेट खाली हुँदा जुन समस्या छ त्यो भन्दा बेसी समस्या रातको २ बजे कम गुणस्तरको बासी खाना खादा भैरहेको छ।

चौथो कुरा स्वच्छताको, खाना पाक्ने चुलो (किचन), खाना बस्ने ठाँउ (डाइनिंग) शौचालय आदिको अवस्था साह्रै दयनिय छ। साथमा मध्यरातमा उठेर जिगरिंङग कपाल लिएर झऱ्यो बोल्दै खाना खुवाउने कुनै तालिम नभएका रेष्टुरेन्ट मजदुरहरू।

पाँचौं कुरा मुल्यको, जुन मुल्य हामिले तिरेका छौं त्यो अनुसार बसको सुविधा छैन। एक्लेफाँटको खानाको मुल्यको त के कुरा ?

छैठौं कुरा मालढुंगाको, हामी सबै मालढुंगा समस्याबाट उत्तिकै पीडित छौं। काठमाडौबाट बेनी जाने बसमा बागलुङ र बागलुङ जाने बसमा बेनीका यात्रु चढाईन्छ। जुन कुरा यात्रुलाई बिहान मालढुंगा झार्दा मात्र थाहा हुन्छ। कहिलेकाही त भाडा थप तिर्नु पर्छ।

यातायात र होटेल ब्यवसायी भएर उपभोक्ता माथी लुट र गम्भीर स्वास्थ्यमा आघात पुऱ्याउने काम भैरहेको छ। जसले मानसिक स्वास्थ्यमा समेत असर गरेको छ। जसको जति निन्दा गरेपनि कम हुन्छ। समस्या समाधान गर्न बेलैमा सम्बन्धित सबैको ध्यान जाओस् ।

- **सुवास वि.क.**

कैदीबन्दीको मृत्युलाई किन गुपचुप पारियो ?

म्याग्दी कारागारमा बन्दी जिवन विताइरहेका एक जनाको हालै मात्र मृत्यु भयो । जवरजस्ती करणीको सजाय भोगिरहेका मंगला गाउँपालिका २ वावियाचौरका एक ब्यक्तिको कारागार प्रशासनको लापरवाहिका कारण मृत्यु भएको भन्ने सुन्नमा आएको छ । कारागारमा विरामी अवस्थामा रहेका उक्त बन्दीले समयमा उपचार समेत पाएनन् । सामान्य खालका समाचारहरू समेत वाहिर आउने म्याग्दीमा कैदी बन्दीको मृत्यु हुँदा कुनै समाचार आएन । कारागार प्रशासनले यो विषयलाई किन वाहिर ल्याउन चाहेन ? किन र कसरी उक्त कैदी बन्दीको मृत्यु भएको हो सत्य तथ्य वाहिर ल्याउन म माग गर्दछु ।

- **अनिल शर्मा, बेनीबजार**

STUDY & WORK IN **JAPAN**

Admission Open .....

Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Preperation Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.

INTAKE: April/July/October/January

Your bridge for aboard study in **Japan**
for more detail visit us.....

S. Raj Language Institute (P) Ltd.
Sangam Chock-Beni
Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।

साताका तस्वीर

सन्तोष गौतम

हिमाली सौन्दय : मुस्ताङको थासाङ गाउँपालिका २ कोवाङबाट देखिएको धौलागिरी हिमालको दृष्य । निलगिरी र धौलागिरी हिमालको फेदीमा रहेको कोवाङ गाउँ पर्यटकीय दृष्टिकोणले सम्भावनायुक्त छ । कोवाङको पुर्वतर्फ निलगिरी र पश्चिमतर्फ धौलागिरी हिमाल अवस्थित छ ।

नेपाली कागजको सामाग्री बनाउँदै : म्याग्दीको अन्नपूर्ण गाउँपालिका ८ नांगीमा रहेको हिमाञ्चल हाते कागज उद्योगमा नेपाली कागजबाट विभिन्न सामाग्री बनाउदै महिला उद्यमीहरु । नेपाली कागजबाट उनिहरुले डायरी, नोटबुक, सपीङ ब्याग, ल्याम्प सेटका साथै विभिन्न गहनाहरु समेत तयार पार्ने गरेका छन् ।

थापाखोलाको विद्युतगृह : मुस्ताङको थासाङ गाउँपालिका १ टुकुचमा निर्माण भएको १३.६ मेगावाट क्षमताको थापाखोला जलविद्युत आयोजनाको विद्युतगृत । माउन्ट कैलाश ईनर्जी प्रा.लीले निर्माण गरेको थापाखोला जलविद्युत आयोजनाले परिक्षण उत्पादन सुरु गरेको छ । असोजदेखि उत्पादीत विद्युत केन्द्रिय प्रशारण लाईनमा जोड्ने थापाखोला जलविद्युत आयोजनाले तयारी गरेको छ ।

हार्दिक बधाई

राष्ट्रिय परीक्षा बोर्डद्वारा २०७४ मा प्रकाशित कक्षा १२ को परीक्षाफलमा धौलागिरि अञ्चलमै सर्वोत्कृष्ट नतिजासहित अधिकांश विद्यार्थी उत्तीर्ण गराउँदै यस विद्यालयबाट १ जना विशिष्ट श्रेणी र १८ जना प्रथम श्रेणीसहित ७५ जना विद्यार्थीहरु उत्तीर्ण हुन सफल भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

गंगा शेरपुञ्जा मगर
(८४.४०%)
धौलागिरि अञ्चल प्रथम

सोपियाकुमारी जिसी ७२.२०% | गणेशकुमार खत्री ७०.८०% | ईश्वर जिसी ७०.४०% | पृथीमाया परियार ६७.८०% | बन्दना परियार ६७.६०% | आशिष ढुङ्गाना ६६.६०%

जीवनकुमार पुर्जा ६६.६०% | संगीता परियार ६६.४०% | सफल खड्का ६५.८०% | प्रमिसा कार्की ६५.६०% | सृष्टि थापा ६५.४०% | दिलबहादुर रामदाम ६४.८०%

टिकाजीत पुन ६४.००% | एन्जिला शेरचन ६४.००% | सरेन बानियाँ ६२.२०% | अनिष भण्डारी ६१.८०% | हरिबहादुर खत्री ६१.४०% | सनम रेग्मी ६१.००%

पुनम रोका | एलिना गर्बुजा | अमृतबहादुर कटुवाल | अमृता पुन | अर्जुन जिसी | अशुमा श्रेष्ठ | बबिता घर्तीमगर | विधान सुवेदी | विजय घर्तीक्षेत्री | विजय कार्की | चिरन मल्ल | गीता गर्बुजा

गोकुल नेपाली | इच्छा भण्डारी | कृषा श्रेष्ठ | कुशल सापकोटा | लक्ष्मण खड्का | लेनिसा मल्ल | लिजा शेरचन | महन पुन | महेश वि.क. | मनिला शेरपुञ्जा | मिलन शेरपुञ्जा | मुस्कान पुन

निलम चोखाल | ओमकार शेरपुञ्जा | पविता घर्ती | पवित्रा खत्री कोइराला | पदम गर्बुजा | प्रविण बुढाथोकी | प्रदिप शेरचन | प्रकाश खत्री | प्रमिश शाही | प्रेमबहादुर नेपाली | पूर्णिमा सार्की | पूर्णिमा श्रेष्ठ

रविन शाही | रविना शाही | राजीव कार्की | रजिना शर्मा | राजु वि.क. | रश्मी भण्डारी | रेजिना बानियाँ | रुमस रोका | सविना मल्ल | साजन नेपाली | सनम रेग्मी | संगीत क्षेत्री

संगीता कार्की | सन्तोष आचार्य | सरला कँडेल | सरिता किसान | सशील शर्मा | शोभा खत्री | शुभ नेपाली | सिद्धार्थ कार्की | सोनिया पुर्जा | सुधा घर्तीमगर | वेल्सन श्रेष्ठ | यशोदा पुन

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त वेष्ट प्वाइन्ट कलेज, बेनी, म्याग्दीमा चार वर्षे बिबिएस प्रथम वर्षमा शैक्षिक सत्र २०७४/०७५ का लागि भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराउँदछौं । कक्षा सञ्चालन मिति : २०७४ कार्तिक २६ गतेदेखि

डा. लाल रापचा	दिलकुमार श्रेष्ठ	शिवकुमार श्रेष्ठ
प्रिन्सिपल	अध्यक्ष, शिक्षक अभिभावक संघ	अध्यक्ष

न्यू वेष्ट प्वाइन्ट आवासीय माध्यमिक विद्यालय परिवार

बेनीबजार, म्याग्दी

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

सम्पादकीय ...

बीपीको सम्मान !

नेपाली प्रजातान्त्रीक आन्दोलनका जन-नायक विश्वेश्वरप्रसाद कोइरालाको १०४ औं जन्मजयन्ती शनिवार मनाइएको छ । वि.सं.१९७१ भाद्र २४ का दिन वनारसमा जन्मिएका बीपी नेपालीहरुको मन मस्तिष्कमा छाएका राजनीतिज्ञ हुनुहुन्छ । नेपालको आधुनिक प्रजातान्त्रिक राज्य व्यवस्था प्रणेताका रुपमा पनि उहाँलाई लिइन्छ । नेपालीहरु उहाँलाई राजनैतिक जननायक, महामानव, युगपुरुषका पर्यायवाचीका रुपमा सम्मान गर्छन । बीपीको राजनीतिक जीवनको शुरुवात भारतवाट भयो । युवा अवस्था ठेक्दा नठेक्दै बेलायती उप-निवेश विरुद्ध भारत छोडो आन्दोलनमा सक्रिय सहभागीता देखाउनुभयो । वि.सं. १९८७ आन्दोलनकै क्रममा पटक पटक भारतमा गिराफ्तारी हुनुभयो । भारतको जेलमै रहदा उहाँका वाबु कृष्णप्रसाद कोइरालाको निधन भयो । तत् पश्चात उहाँ नेपाल फर्कि राजनीतिमा होमिनुभयो । जुन वेला नेपालमा जहानिया राणा शासन थियो । राणा शासनको अन्त्यका लागि उहाँको योगदान ठूलो छ । यदि राणा शासनको अन्त्य नहुँदो त अहिलेको नेपाली समाजको कल्पना पनि गर्न सकिदैनथ्यो ।

कोइरालाकै सक्रियतामा नेपालबाट १०४ वर्ष लामो राणा शासनको अन्त्य गरियो र नयाँ नेपाल निर्माणको शुत्रपात भयो । समृद्ध र समुन्नत नेपाल निर्माण उहाँको सपना थियो । भारतमा महात्मा गान्धीबाट संचालित बेलायती उपनिवेश विरुद्ध समाजवादी आन्दोलनमा बीपी कोइराला लगायत उहाँको पूरा परिवार नै होमिएको थियो । यसैको प्रभाव स्वरुप नेपालमा बीपीको नेतृत्वमा राणा शासन विरुद्धको आन्दोलन भयो । प्रजातन्त्र र समाजवादलाई मौलिक चिन्तनका आधारमा जोड्दै अन्तराष्ट्रिय आन्दोलनमा उहाँको सहभागिताले बीपी सोसलिस्ट इन्टरनेसनलेको उपाध्यक्ष भई नेपाल(लाई विश्व राजनीतिक मञ्चमा चिनाउनुभयो । जर्मन समाजवादी नेता विल्ली ब्रान्टले सोसलिस्ट इन्टरनेसनललाई वासिङ्टन र मस्कोको उग्र शीतयुद्धताका पनि उम्दो अन्तराष्ट्रिय आन्दोलन बनाउनु र त्यसमा बीपीको नेतृत्व तहको सहभागिता आफैंमा कल्पनातीत छ । बीपीको त्यो प्रजातान्त्रिक समाजवादको मौलिक चिन्तनकै राजनीतिक विकासक्रमको उपज हो- मौजुदा मुलुकको संविधान भन्दा फरक नपर्न सक्छ । संविधानले प्रजातान्त्रिक समाजवादको मौलिक चिन्तनलाई संविधानको प्रस्तावनामा भनेको छ, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र,निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने । बीपीले निर्माण गरेको नेपाली काँग्रेस, नेकपा (एमाले) र तत्कालीन नेकपा माओवादी (हाल नेकपा माओवादी केन्द्र) मुख्य दल लगायतले निर्माण गरेको यो संविधान प्रजातान्त्रिक समाजवादी महामार्गबाट समृद्ध राष्ट्र निर्माणको विशिष्ट घोषणापत्र पनि हो । नयाँ संविधानलाई पूर्ण रुपमा कार्यान्वयन गर्न सकेमा मात्र बीपीप्रतिको सम्मान हुन्छ ।

गाउँका जनतालाई हसाउन सक्ने, गाउँको मुहार फेर्न सक्ने नै सच्चा समाजवाद हो भनेर समाजवादको व्याख्या गर्नुभएको थियो । योजनाहरु सधै गरिव र तल्लो वर्ग लक्षित हुन पर्ने वि.पि.को धारणा थियो । त्यस्ता गरिव केन्द्रि योजनहरु वनाउँदा शहरका कोठा भित्र वसेर कोरा कल्पनाका आधारमा भन्दा वास्तविकतामा वन्नु उहाँ बताउनुहुन्थ्यो । उहाँको समृद्ध नेपालको खाका नेपाललाई सिंगापुर वा अमेरिका वनाउनी थिएन । राज्यले जनतालाई गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य जस्ता अत्यावश्यक आवश्यकताको प्रत्याभूतिवाट समृद्ध वाटो अगाल्नु पर्नेमा उहाँको जोड थियो । हिजोआज विशेषत नेपाली काँग्रेसका केहि नेताहरुले समाजवादको अपव्याख्या गर्न थालेका छन् । बीपीको सिद्धान्तका कुरा गर्ने तर व्यवहारीक कार्यान्वयनमा शून्य सावित हुने । यसले बीपीको सच्चा सम्मान हुनसक्दैन । नेपाली समाजलाई समाजवादको दिशातिर लैजाने हो भने बीपीका विचारहरुलाई सवैले आत्मसाथ गर्नुपर्दछ । बीपीको विचारलाई आत्मसाथ नगर्दा सम्म उहाँप्रति सच्चा सम्मान हुनसक्दैन ।

l6Kk0fL, k|ltlqmof / ;emfj

नवविकल्प साप्ताहिकमा छापिएका लेख, समाचार वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क:

bikalpanews@gmail.com

फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६

यसरी भएको थियो म्याग्दी जिल्लाको नामकरण



....“म्याग्दी” नदी बहने मुख्य भूमिमा प्राचीनकालदेखि नै मगरको बस्ती भएकोले यो क्षेत्रका गाउँ, ठाउँ, नदी र पहाडको नाम मगर भाषामा रहेको हुनु पर्दछ भन्ने भनाई सान्दर्भिक देखिन्छ । किनभने कुनैपनि गाउँ, ठाउँ, नदी वा पहाडको नाम त्यो क्षेत्रमा बस्ने जातिले बोल्ने भाषाको आधारमा रहन गएको हुन्छ । कुनै स्थानको नामकरण कसरी हुन्छ भन्ने सन्दर्भमा स्थाननाम कोशमा यस्तो लेखिएको छ- “ जनताजनार्दन नै स्थाननामको स्रष्टा हो । त्यसैले स्थाननाम हाम्रो भाषिक तथा सांस्कृतिक निधि हो ।

- **कर्णबहादुर बानियाँ**

विषय प्रवेश

म्याग्दी जिल्ला चार नम्बर प्रदेशमा पर्ने एक पहाडी भू-भाग हो । यो जिल्लाको पूर्वमा मनाङ, कास्की र पर्वत, पश्चिममा बाग्लुङ र रुकुम, उत्तरमा डोल्पा र मुस्ताङ तथा दक्षिणमा बाग्लुङ जिल्ला पर्दछन् । मध्यकालमा वर्तमान म्याग्दी जिल्लाले चर्चेको भू-भागमा ‘पर्वत राज्य’ नामक एक स्वतन्त्र राज्य थियो । पर्वत राज्य नेपालमा गाभिएपछि यो क्षेत्र नेपालको एक प्रशासनिक एकाइको रुपमा मात्र रहन गयो । पाल्पा गौंडाको स्थापनापछि यो क्षेत्रको प्रशासन सोही गौंडाबाट सञ्चालन भयो । राणा शासनको पतनपछि यो क्षेत्रको प्रशासन बाग्लुङ जिल्लाले हेर्दथ्यो । वि.सं. २०१८ सालमा नेपाललाई चौध अञ्चल र पचहत्तर जिल्लामा विभाजन गरिएपछि यो क्षेत्रलाई धवलागिरी अञ्चल अन्तरगतको एक प्रशासनिक एकाइको रुपमा राखियो जसको नाम ‘म्याग्दी जिल्ला’ रहन गयो ।

राणा शासनको अन्त्यपछि नेपालको प्रशासनिक व्यवस्थामा पनि अनेकौं परिवर्तनहरु भए । केन्द्रीय प्रशासन यन्त्रमा भएको फेरबदललाई सुचारू रुपले सञ्चालन गर्नका लागि स्थानीय प्रशासन यन्त्र पनि सबल र सक्षम बनाउन आवश्यक थियो । तर कतिपय जिल्लामा भौगोलिक कठिनाइका कारण उक्त कार्य सहज थिएन । त्यसकारण नेपालको प्रशासनिक विभाजनलाई सहज र सरल बनाउने कुरा प्रजातन्त्रको अभ्यूदय हुँदासाथ उठेको हो तापनि सो कार्य धेरै वर्षपछि मात्र कार्यान्वयन भयो ।

वि.सं. २०१८ साल कार्तिक १६ गते नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो । त्यतिखेर तत्कालीन बाग्लुङ जिल्लालाई धवलागिरी अञ्चल कायम गरी त्यस अन्तरगत बाग्लुङ, म्याग्दी, मुस्ताङ र डोल्पा नामका चार वटा जिल्ला राखिएको थियो । यो प्रशासकीय क्षेत्र विभाजनले थुप्रै नयाँ जिल्लाको स्थापना भएको थियो । ती जिल्लाहरुमध्ये म्याग्दी पनि एक हो । यो जिल्लाको भौगोलिक क्षेत्र पूर्वमा कालीगण्डकी र रघुगङ्गा (पर्वत र मुस्ताङ जिल्ला), उत्तरमा रघुगङ्गा र धवलागिरी हिमाल (मुस्ताङ र डोल्पा जिल्ला), पश्चिममा भुजीखोला (बाग्लुङ र रुकुम जिल्ला) र दक्षिणमा ढोडेनीखोलाबाट सोलेडाँडाहुँदै निसकोट (बाग्लुङ जिल्ला) तोकिएको थियो । मुलुकको प्रशासनलाई विकेन्दीकरणको माध्यमबाट सहज र सरल बनाउने उद्देश्यले नेपाललाई विभिन्न अञ्चल र जिल्लामा विभाजन गरिएको भएतापनि कतिपय जिल्लाहरुमा धेरै वर्षसम्म पनि अलगै किसिमका जिल्ला स्तरीय प्रशासनिक निकायहरु स्थापना गरिएको थिएन ।

ती क्षेत्रमा पहिले देखि चल्दैआएको परम्परा अनुसार नै प्रशासन सञ्चालन हुँदै आएको थियो । धवलागिरी अञ्चलमा पनि अलगअलग चार जिल्ला त स्थापना गरिएको थियो तर जिल्लामा कुनै किसिमका प्रशासकीय निकाय स्थापना नगरिएको हुनाले वि.सं. २०२२ सालसम्म बाग्लुङमा रहेको गौंडाबाट नै प्रशासन सञ्चालन भइरहेको थियो । जिल्लामा के कस्ता प्रशासनिक निकाय आवश्यक पर्ला र तिनीहरुलाई के कस्ता अधिकार दिनु पर्ला भन्ने कुराको निधो नभइसकेको र स्थानीय स्वायत्त शासनलाई गाउँगाउँसम्म पुऱ्याउने उद्देश्य रहेको हुनाले वि.सं. २०१८ सालमा गाउँ पञ्चायत ऐन जारी गरी नेपालभर गाउँ पञ्चायतको निर्वाचन सम्पन्न गरियो । त्यतिखेर म्याग्दी जिल्लामा २१ वटा गाउँ पञ्चायत गठन गरिएको थियो । त्यसपछि जिल्ला पञ्चायत ऐन २०१८ जारी गरी ७५ वटै जिल्लामा निर्वाचन सम्पन्न गरी जिल्ला पञ्चायत गठन गरियो । यही सिलसिलामा म्याग्दी जिल्लामा पनि ११ सदस्यीय जिल्ला पञ्चायत गठन गरिएको थियो ।

जिल्ला पञ्चायतको गठनपछि प्रशासन सञ्चालनका लागि जिल्ला पञ्चायतका सभापतिको अध्यक्षतामा पञ्चायत विकास अधिकारी सचिव रहने गरी प्रशासकीय कार्यालय स्थापना गरियो । यस किसिमको व्यवस्थाले अन्यत्र जस्तै म्याग्दी जिल्लामा पनि स्थानीय प्रशासनको जग बस्यो । तर पुरानो परिपाटी अनुसार गौंडाको सदरमुकाममा बडाहाकिम रहने र नयाँ व्यवस्था अनुसार अञ्चल सदरमुकाममा अञ्चलाधिश रहने व्यवस्थाले बडाहाकिम र अञ्चलाधिशबीच क्षेत्राधिकार बारे विवाद उत्पन्न गराएको थियो ।

यही कुरा महसुस गरेर वि.सं. २०२२ सालमा ‘स्थानीय प्रशासन व्यवस्था ऐन’ जारी गरियो । त्यसपछि गौंडा, गोश्वारामा रहेका बडाहाकिमको पद खारेज गरियो । यो ऐन लागू भएपछि जिल्ला जिल्लामा प्रमुख जिल्ला अधिकारी रहने र उनको मातहतमा जिल्लाका सम्पूर्ण कार्यालयहरु रहने व्यवस्था गरियो । वि.सं.२०२२ साल चैत्रमा गरिएको यो व्यवस्था नयाा वर्षदेखि कार्यान्वयन गरिएको हुँदा त्यतिखेर देखि मात्र म्याग्दी जिल्लामा पनि छुट्टै प्रशासनिक निकायको स्थापना भयो र प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा प्रशासन सञ्चालन हुन थाल्यो । यसरी वि.सं. २०२३ सालबाट मात्र म्याग्दी जिल्लामा पूर्ण रुपमा स्थानीय प्रशासन शुरू भएको थियो ।

म्याग्दी जिल्लाको भूभाग मध्यकालको गौरवमय इतिहास बोकेको ‘पर्वत राज्य’ का गृष्मकालीन र शीतकालीन दुवै राजधानी भएको क्षेत्र हो । साथै तत्कालीन पर्वत राज्यले चर्चेको अधिकांश भू-भाग पनि यही क्षेत्रमा पर्दछ । त्यसकारण यो जिल्लाको नाम ‘पर्वत जिल्ला’ राखिएको भए यो क्षेत्रको ऐतिहासिकता समेत झल्कने थियो । तर त्यसो गरिएन र यो जिल्लाको नाम म्याग्दी राखियो ।

यो जिल्लाको नाम किन म्याग्दी रहन गयो भन्ने कुरा निकै चाखलाग्दो छ । हुनत यो जिल्लाको नाम विश्वप्रसिद्ध धवलागिरी हिमालको दक्षिण-पश्चिमी भागबाट उत्पत्ति भइ दक्षिण-पूर्वतिर बहने ‘म्याङदी’ खोलाको नामबाट राखिएको छ जुन कुरा अत्यन्त स्वभाविक छ । म्याग्दी जिल्लाको स्थापना हुने समयमा यसको अधिकांश प्रशासनिक क्षेत्रभित्र ‘म्याङदी’ नदी बहने भएकोले त्यसकै नामबाट यो जिल्लाको नामकरण गरिएको हो भन्ने कुरामा दुई मत छैन । यो खोलालाई किन ‘म्याङदी’ भनिन्थ्यो भन्ने विषयमा भने विविध अवधारणा आएका छन् । ती अवधारणाहरु के के हुन् र कुन अवधारणा तर्क सङ्गत छ भन्ने विषयमा प्रकाश पार्ने उद्देश्यले यो लेख तयार गरिएको छ ।

“म्याग्दी” नामकरण सम्बन्धी विविध अवधारणाहरु

म्याग्दी जिल्लाको नामकरण धवलागिरी हिमालको उत्तर-पश्चिमबाट उत्पत्ति भएर दक्षिण-पूर्वतिर बहने म्याङ्दी खोलाको नामबाट राखिएको छ । त्यो नदीको नाम कसरी म्याङ्दी रहन गयो भन्ने सम्बन्धमा तीनथरी मत देखा परेका छन्-

(१) कसैकसैले यो नामलाई पौराणिक कथासँग जोडेर हेर्ने गरेको पाइन्छ । उनीहरुको विचारमा दुर्गासप्तशतीमा वर्णित ‘जयन्ती मङ्गला काली भद्रकाली कपालिनी’ भन्ने देवीका सहस्र नाममध्ये एउटा ‘मङ्गला’ हो र यो क्षेत्र ‘जयन्ती, मङ्गला र काली’ को सङ्गमस्थल होह्य त्यही मङ्गला भन्ने नाम कालान्तरमा अपभ्रंश भई ‘म्याङ्दी’ बनेको हो र त्यसको परिष्कृत रुप ‘म्याग्दी’ हो ।

(२) अर्काथरीको भनाइमा म्याग्दी नदीको पुरानो नाम ‘मायानदी’ हो र त्यही शब्द अपभ्रंश भएर ‘म्याग्दी’ बनेको हो ।

(३) तेस्रो अवधारणा अनुसार ‘म्याग्दी’ नदी बहने मुख्य भूमिमा प्राचीनकालदेखि नै मगरको बस्ती भएको पाइन्छ र यो क्षेत्रका गाउँ, ठाउँ, नदी र पहाडको नाम मगर भाषाबाट रहेको पाइन्छ । त्यसकारण यो नदीको नाम पनि मगर भाषाबाटै रहेको हुनुपर्दछ ।

प्रस्तुत अवधारणाहरुको विवेचना

पहिलो अवधारणा अनुसार म्याग्दीको नामकरण दुर्गासप्तशतीमा वर्णित ‘जयन्ती मङ्गला काली भद्रकाली कपालिनी’ भन्ने देवीका सहस्र नाममध्ये एउटा ‘मङ्गला’ हो । यो क्षेत्र ‘जयन्ती, मङ्गला र काली’ को सङ्गमस्थल हो । त्यही मङ्गला भन्ने नाम कालान्तरमा अपभ्रंश भई ‘म्याङ्दी’ बनेको हो र त्यसको परिष्कृत रुप ‘म्याग्दी’ हो भन्ने भनाइ समाज विकासको क्रमसँग मेल खाने खालको छैन । किनभने वर्तमान म्याग्दी जिल्लाको सदरमुकामको आसपासका क्षेत्र ज्यामरूक, पुला, मल्लाज र राखुमा पौराणिककालदेखि नै आर्य र खस जातिका मानिसको आवतजावत र बसोबास भएको पाइन्छ । पुलस्त्य, पुलह र भरत ऋषिले रघुगङ्गा, म्याग्दी र कालीको संगमस्थलमा तपस्या गरेको कुरा पुराणहरुमा उल्लेख छ । त्यसकारण आर्य र खस जातिका मानिसले काली, म्याग्दी र रघु गङ्गालाई ‘काली, मङ्गला र जयन्ती’ भनेका हुन सक्दछन् । तर ‘ जयन्ती, मङ्गला र काली’ भन्ने नाम ती नदीको सङ्गम स्थलमा मात्र प्रचलित भएको देखिन्छ । म्याग्दी नदीको मुख्य बहाव क्षेत्रमा मगर जातिको बसोबास भएको पाइन्छ र उनीहरुले त्यो नदीको नाम आफ्नै भाषामा ‘म्याङ्दी’ भन्ने गरेको पाइन्छ । अहिले पनि म्याग्दी नदीको आसपासमा ‘मङ्गला’ नामबाट पुकारिने बेनीबजारको पश्चिमी भागमा ‘मङ्गलाघाट’ नामक एउटा सानो बजार छ भने बाबियाचौरमा ‘मङ्गला’ नामक एउटा शैक्षिक संस्था छ । ती नाम बाहेक अन्य अधिकांश स्थानमा यसलाई ‘म्याङ्दी खोलो’ भनिन्छ र यो नदीको आसपासका बासिन्दालाई ‘म्याङ्दी खोले’ भनिन्छ । त्यसकारण यो नदीको नामकरण दुर्गासप्तशतीमा वर्णित ‘जयन्ती मङ्गला काली भद्रकाली कपालिनी’ भन्ने देवीका सहस्र नाममध्येको ‘मङ्गला’ भन्ने नामबाट ‘म्याङ्दी’ भएको हो भन्ने भनाई युक्तिसङ्गत देखिँदैन ।

दोस्रो भनाइ अनुसार म्याग्दी नदीको पुरानो नाम ‘मायानदी’ हो र त्यही शब्द अपभ्रंश भएर ‘म्याग्दी’ बनेको हो भन्ने भनाइ पनि आधारहीन देखिएकोले यसका बारेमा विशेष चर्चा गर्नुपर्ने आवश्यकता देखिएको छैन ।

तेस्रो अवधारणा अनुसार ‘ म्याग्दी’ नदी बहने मुख्य भूमिमा प्राचीनकालदेखि नै मगरको बस्ती भएकोले यो क्षेत्रका गाउँ, ठाउँ, नदी र पहाडको नाम मगर भाषामा रहेको हुनु पर्दछ भन्ने भनाई सान्दर्भिक देखिन्छ । किनभने कुनैपनि गाउँ, ठाउँ, नदी वा पहाडको नाम त्यो क्षेत्रमा बस्ने जातिले बोल्ने भाषाको आधारमा रहन गएको हुन्छ । कुनै स्थानको नामकरण कसरी हुन्छ भन्ने सन्दर्भमा स्थाननाम कोशमा यस्तो लेखिएको छ- ‘जनताजनार्दन नै स्थाननामको स्रष्टा हो । त्यसैले स्थाननाम हाम्रो भाषिक तथा सांस्कृतिक निधि हो ।

वास्तवमा भन्ने हो भने जुनसुकै नाम पनि कुनै न कुनै जातजातिको रचनात्मक सिर्जनाको परिचायक हो ।’ साथै स्थाननामको भाषिक व्याख्या कसरी गर्ने भन्ने विषयमा उक्त पुस्तकमा यस्तो लेखिएको छ- ‘नेपालका स्थाननामहरुको स्रोतलाई दुई भागमा विभाजित गर्न सकिन्छ । देशको उत्तरी भेकतिर तिब्बती-बर्मेली भाषा परिवारसँग सम्बद्ध स्थाननामहरु पाइन्छन् भने दक्षिणी भेकतिर चाहीं

बाँकी पृष्ठ ७ मा

भाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो । इन्द्रै बिन्ति गरून् झुकेर पदमा त्यो बिन्ति मान्दैन त्यो ।।
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टयाई छान्दैन त्यो । आयो, टप्प टिप्यो, लग्यो, मिति पुग्यो, टारेर टर्दैन त्यो ।।

भावपूर्ण श्रद्धाञ्जली



जन्म : १९९७/०९/१८

स्वर्गारोहण : २०७४/०५/०५

स्व. पदमबहादुर रोका

हाम्रा प्रातःस्मरणीय पूज्य श्रीमान/बुवा/हजुरबुवा भू.पू ब्रिटीस आर्मी २११४९१४९ CPL १/२ जि.आर पदमबहादुर रोकाको २०७४ भदौ ५ गते युकेमा निधन भएकोमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा हामीलाई धैर्यधारण गर्न साहस र सहानुभूति एवम् समवेदना प्रकट गर्नुहुने आफन्तजन, इष्टिमित्र र युकेमा रहेका थ्रिभिडिसी म्याग्दी युके, मोना युके, केन्ट मगर समाज युके, केनिङ आमा समूह युके, माईती कुटुम्ब समाज काठमाडौंप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

भदौ २१ गते काठमाडौं स्थित पशुपति आर्यघाटमा दाहसंस्कार भएको दिनदेखि गणना गर्दा २०७४ असोज २ गते पर्ने तेह्रौं दिनको पुण्य तिथीको सुद्धान कार्यक्रममा यसै सूचनालाई आधार मानी काठमाडौं बनस्थली स्थित निवासमा उपस्थित भई फुलप्रसाद ग्रहण गरिदिनुहुन सम्पूर्ण आफन्तजन, इस्टमित्रहरुमा अनुरोध गर्दछौं ।

श्रीमती: याममाया रोका

भाइ/बुहारी: कर्णबहादुर रोका/कागदेवी रोका

छोरा/बुहारी:
हर्कराज रोका/नन्दकली रोका
बालचन्द्र रोका/धनकुमारी रोका
दलबहादुर रोका/मनबहादुर रोका
दिपक रोका/नम्रता रोका
प्रकाश रोका/लालदेवी रोका
राजु रोका/ मञ्जु रोका

छोरी/ज्वाई :
पूर्णकली बुढाथोकी/बिरेन्द्र बुढाथोकी
गौमती बुढाथोकी/ रेशम बुढाथोकी
याममती रोका/गमबहादुर रोका
लक्ष्मी थापा (गर्बुजा)/कमल थापा (गर्बुजा)

नाती/नातीनी बुहारी:
उत्तम रोका/मिरा रोका

नातीहरू:
रञ्जन रोका, न्युटन रोका
सिजन रोका, स्वाहन रोका
दिवेल रोका, बिशाल बुढाथोकी
अञ्जेश बुढाथोकी,
भुषण बुढाथोकी
नोबेल रोका (जिसस)

नातिनीहरू:
नबिना बुढाथोकी, रस्मि रोका
सुसिता रोका, शर्मिला रोका
सुमि रोका, युरी रोका
सोफिया रोका, युना रोका
क्यारोलीन रोका, निमेल्ला थापा

नातिनी/नाती ज्वाई:
दिपा थापा/मनोज थापा, सुस्मी रोका/यामबहादुर रोका

एवं समस्त रोका परिवार

मंगला गाउँपालिका ३ पखेर म्याग्दी हाल बनस्थली काठमाडौं

बौद्ध विहारलाई पर्यटकीय गन्तव्य बनाउन जोड

■ नवविकल्प

म्याग्दीको बेनी नगरपालिका ७ मा रहेका बौद्ध विहारलाई पर्यटकीय रूपमा विकास गनुपर्नेमा जोड दिइएको छ । शनिवार म्याग्दी बौद्ध संघको आठौं साधारणसभा तथा पाँचौं अधिवेशनका अवसरमा आयोजित कार्यक्रममा बोल्ने बक्ताहरूले विहारमा भौतिक पूर्वाधारको विकास गरि पर्यटकीय गन्तब्यका रूपमा विकास गरिनुपर्नेमा जोड दिएका थिए ।

अधिवेशनलाई उद्घाटन गर्दै बौद्ध विहार निर्माण जग्गा दाताँ पुण्यबहादुर शाक्य र लक्ष्मी शाक्यले धार्मिक पर्यटकिय तथा बुद्धको शैक्षिक गन्तब्य बनाउन सबै मिलेर लाग्नुपर्नेमा जोडदिनुभएको थियो ।

साधारण सभामा बौद्धविहारका संस्थापक अध्यक्ष प्रकाशकुमार केसी, बेनी नगरपालिका ७ का वडा अध्यक्ष राजेन्द्रकुमार श्रेष्ठ लगायतले डेढ रोपनीमा फैलिएको बौद्ध विहारलाई धार्मिक पर्यटकीय दृष्टिकोणमा महत्वपूर्ण रहेको हुँदा प्रचारप्रसार गर्न आवश्यक रहेकोमा जोड दिएका थिए । पर्यटकीय गन्तब्य बनाउन थप पूर्वाधार निर्माण गर्न लाग्नुपर्नेमा जोड दिएका थिए । बौद्ध संघका सचिव याम शाक्यको प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष कुबिरकुमार श्रेष्ठले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । त्यस्तै बौद्ध संघका सहायक संगठन महिला बौद्ध संघको प्रगति प्रतिवेदन रेणुका बर्जाचार्य र आर्थिक प्रतिवेदन कोषाध्यक्ष आसमाया शाक्यले प्रस्तुत गर्नुभएको थियो । त्यस्तै युवा बौद्ध संघको प्रगति तथा आर्थिक प्रतिवेदन संघका उपाध्यक्ष सचिन शाक्यले प्रस्तुत गर्नुभएको थियो ।

साधारण सभामा म्याग्दी बौद्ध संघका अध्यक्ष यजनलाल शाक्यको अध्यक्षता, सदस्य भुनु तिलिचाले स्वागतमन्तब्य रहेको कार्यक्रमको संचालनमा सम्पन्न भएको थियो ।

भेडापालक कृषकलाई औजार र सामाग्री सहयोग

■ नवविकल्प

म्याग्दीको अन्नपूर्ण र रघुगंगा गाउँपालिकाका भेडापालक कृषकहरूलाई औजार र सामाग्री वितरण गरिएको छ ।

जिल्ला पशु सेवा कार्यालयले पोखरेबगर स्थित गाउँपालिकाको कार्यालयमा आयोजित कार्यक्रममा रघुगंगाको भगवती, बेग, अन्नपूर्णको दोवा, भुरूङ तातोपानी, दाना, नारच्याङ र शिखका ६३ जना कृषकहरूलाई विभिन्न औजार वितरण गरेको हो ।

परम्परागत रूपमा गरिदै आएको भेडापालनलाई न्यवस्थित गर्दै मासु र उनको उत्पादन तथा गुणस्तर बढाउने उद्देश्यले कृषकलाई सामाग्री उपलब्ध गराइएको बरिष्ठ पशु चिकित्सक मनबहादुर पुनले बताउनुभयो ।

कालीगण्डकी भेडा विकास स्रोत केन्द्र मार्फत ८ लाख रूपैयाँ भन्दा बढीको औजार र सामाग्री वितरण गरिएको कार्यालयले जनाएको छ । ६६ जनालाई सोलार टुकी र भेडाको उन काट्ने कैंची उपलब्ध गराइएको छ । ४ वटा बडीजो (खसी बनाउने मेसीन), ४ वटा पाल, १ वटा प्रोटेवल डिपीङ टंकी, २० वटा ऊन कोर्ने कोरेशो, ६० जोडा चर्खा, २० वटा काइयो, २० जोडा गमबुट, ५ वटा डिजीटल तौलने मेसीन, २० वटा रेनकोट, २० वटा टर्चलाईट र ५ जनालाई मोवाईल वितरण गरिएको पशु सेवा प्राबिधिक डिल्लीराम रेग्मीले बताउनुभयो ।

कालीगण्डकी भेडा विकास स्रोत केन्द्रका अध्यक्ष मेखबहादुर गर्बुजाको अध्यक्षतामा भएको कार्यक्रममा बरिष्ठ पशु चिकित्सक मनबहादुर पुन, अन्नपूर्ण गाउँपालीकाका कार्यकारी अधिकृत अच्युत दाहाल, पशु विकास अधिकृत नरबहादुर बानियाले सामाग्री तथा औजार वितरण गर्नुभएको थियो ।

औजार तथा सामाग्रीहरू भेडापालकलाई थप न्यवस्थित र न्यवसायीक बनाउन सहयोगी हुने स्रोत केन्द्र विकास समितिका सदस्य श्याम पुनले बताउनुभयो । पशु सेवा कार्यालयको सहयोगमा स्रोत केन्द्र अन्तरगत भेडा बस्ने गोठ, टहरा निर्माण, चरन खर्कमा जाने बाटो, डिपीङ ट्याङक निर्माण गरेका छन् । सो क्षेत्रका कृषकहरूले बाह हजार भन्दा बढी भेडा पालेका छन् ।

हार्दिक बधाई

शनिवार सम्पन्न न्यू दोभान युथ क्लबको सातौं साधारणसभा तथा तेस्रो अधिवेशनबाट बेनी बैंकरोडका अनन्त गिरी अध्यक्षमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै वहाँको कार्यकालमा जिल्लामा रचनात्मक क्रियाकलापको अपेक्षा सहित कार्यकालको पूर्ण सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

सचिन शाक्य
मूल संयोजक
तेस्रो बौद्ध फुटवल प्रतियोगिता

नन्द कुमार पाइजा (नन्दु)
आर्थिक संयोजक

दुर्गा बुढा मगर
सचिव

विजय किसान
अध्यक्ष

बौद्ध युवा क्लब परिवार

बेनी बजार, म्याग्दी

यसरी .....

भारोपेली भाषा परिवारसित सम्बद्ध स्थाननामहरुको प्राचुर्य छ । पहिलो वर्गका स्थाननामहरु किराँती (राई, लिम्बु), मगर, गुरुङ, तामाङ, तिब्बती (सेर्पा, भोटे, सौका), थकाली, नेवारी आदि भाषाहरुमा छन् भने दोस्रो वर्गका स्थाननामहरुको मुहान नेपाली (खस), मैथिली, भोजपुरी, थारु, अवधी, हिन्दी, अरबी र संस्कृत भाषाहरु हुन् । प्रथम वर्गमा पर्ने स्थाननामहरुको अन्तमा 'लङ (लुङ)', 'जोङ (जुङ)', 'ला', 'लग्ना', 'दि', 'खु', आदि प्रत्यय रहन्छन् । मोटामोटी रुपमा 'ङ' कारमा अन्त हुने सबै स्थाननामहरु यसै वर्गभित्र पर्दछन् । दोस्रो वर्गका स्थाननामहरुको अन्त्यमा 'टार', 'बैंसी', 'चौर', 'गढी', 'कोट', 'गञ्ज', 'पुर', ' बजार', 'गाउँ', आदि आउँदछन् ।'

माथिको भनाइलाई दृष्टिगत गर्दा के स्पष्ट हुन्छ भने 'म्याङदी' मगर भाषाको शब्द हो । किनकि यसको अन्त्यमा 'दी' प्रत्यय आएको छ । गण्डकी, धवलागिरि, लुम्बिनी र राप्ती भेक बढी मात्रामा मगर जातिको बसोबास भएको क्षेत्र हो । प्राचीनकालदेखि मध्यकालको पूर्वार्द्धसम्म यस क्षेत्रमा मगर राजाहरुका 'थुम' राज्यहरु भएको पाइन्छ । त्यसकारण यस क्षेत्रलाई 'मगराँत' भनिन्छ । अर्को कुरा म्याग्दी नदीको उत्पत्तिदेखि यसको बहाव क्षेत्रका आसपासका अधिकांश स्थानहरुमा पहिलो आवादी मगरहरुको भएको पाइन्छ । किनभने ती क्षेत्रका नामहरु जस्तै- मुदी, मल्कवाङ, खिवाङ, मराङ, शिवाङ, राजदाङ, मगरदाङ, दर्बाङ, रनबाङ, थाइवाङ, भाइवाङ, कोत्रवाङ, बराङजा, सिङ आदि मगर भाषाबाट आएका छन् । अतः स्थाननाम कोशमा भनिए झैं 'कुनै स्थानको नामकरण सम्बन्धी व्याख्या भाषिक आधारमा' गर्ने हो भने म्याग्दीको नामकरण मगर भाषाबाट भएको हो भन्ने ठहर गर्नुपर्ने हुन्छ ।

उपर्युक्त तथ्यहरुको आधारमा के भन्न सकिन्छ भने 'म्याग्दी' मगर भाषाको शब्द हो । यो शब्दलाई कसैले 'मेङदी' भनेका छन् भने कसैले 'म्याङ्दी' भनेका छन् । मगर भाषामा यो शब्दको अर्थ के हुन्छ भन्ने विषयमा पनि विद्वानहरुको मत बाझिएको छ र फरकफरक विचार आएको छ ।

एकथरी विद्वानहरुले यो नदीलाई मगर भाषामा 'मेङदी' भनिन्थ्यो भनेका छन् । म्याग्दी नदीको उद्गमस्थल मुदीदेखि कालीगण्डकीमा समाहित हुने बेनीसम्मको भू-भागमा पर्ने ताकम, पुला र ज्यामरूककोटमा 'मेङ' थर भएका मगरहरुको राज्य थियो । ती मगर राजाहरुलाई बगाले थापा भनिन्थ्यो । त्यही 'मेङ वंशी' बगाले थापाहरुको राज्यमा बहने भएकोले यो नदीलाई 'मेङदी' भनिन्थ्यो । त्यही मेङदीलाई कालान्तरमा म्याग्दी भन्न थालिएको हो भन्ने उनीहरुको जिकिर छ । यो भनाइले परम्परागत रुपमा चल्दै आएका मान्यतालाई तोडिदिएको छ । पहिलो कुरा कुनैपनि जातिको प्रभाव रहेको क्षेत्रमा सानो एकाइको नाम मात्र नभएर पुरै भू-भागको नाम नै उसको भाषाबाट रहेको हुन्छ ।

यदि यो क्षेत्रको नाम 'मेङवंशी' शासकहरुको राज्यबाट भएको हो भने नदीको नाम मात्र यो शब्दबाट नरहेर राज्यको नाम नै 'मेङदी' रहनु पर्ने हो । साथै थापाहरुका अलगअलग राज्य नभएर एउटै राज्य हुनुपर्ने हो । अर्को कुरा बगाले थापा वंशावलीमा कालु थापालाई ब्राह्मणबाट जन्मिएका क्षत्री भनिएको छ । त्यसकारण कालु थापाका सन्तानलाई मगर भन्न मिल्छ कि मिल्दैन भन्ने प्रश्न उठ्दछ । तेस्रो कुरा ताकम, पुला र ज्यामरूककोटमा थापाहरुको राज्य खस साम्राज्यको पतनपछि मात्र अस्तित्वमा रहेको देखिन्छ । ती राज्यहरुलाई पन्ध्रौं शताब्दीमा समालवंशी राजाहरुले पराजित गरेर आफ्नो राज्यमा गाभेका थिए । त्यसकारण मध्यकालभन्दा पहिले नै अर्थात् प्राचीनकालदेखि नै यो क्षेत्रमा मानव बसोबास भएकोले यहाँका बासिन्दाहरुले यो नदीलाई कुनै न कुनै नामबाट पुकारने गरेको हुनु पर्दछ । अतः यो नदीको नाम 'मेङवंशी' शासकहरुको नामबाट रहेको हो भन्ने भनाइ युक्तिसङ्गत देखिँदैन ।

यो क्षेत्रमा बसोबास गर्ने मानव समुदायमा मगर र खस जातिको बाहुल्य देखिएकाले यिनै जातिहरुको भाषाबाट यस क्षेत्रका गाउँ, ठाउँ, नदी र पर्वतहरुको नामकरण गरिएको कुरामा विद्वानहरुबीच मतैक्यता छ । साथै ' म्याग्दी नदी' को नाम मगर भाषाबाट रहन गएको हो भन्ने कुरामा पनि विद्वानहरु सहमत छन् । म्याग्दी नदी धवलागिरी हिमालको उत्तर-पश्चिमी पाखाबाट उत्पत्ति भएर कैयौं गाउँ, ठाउँ पारगर्दै दक्षिण-पूर्वतिर बग्दै गएर बेनीबजारमा पुग्दा कृष्णगण्डकीमा मिसिन गएको छ । यो नदीको बहाव क्षेत्रका आसपासमा दुवैतिर खेतका फाँट बनेका छन् । साथै यो नदीका धेरै ठाउँबाट जङ्घार तरेर नदीको वारपार आवतजावत गर्न सकिन्छ । त्यसकारण यो नदीको आसपासका बासिन्दाको जीवनमा यो नदी आवश्यक साधन बन्दै आएको छ । मानिसहरुले यो नदीको पानी पिउने र नुहाउने काममा प्रयोग गर्दै आएका छन् । यस क्षेत्रका अन्य नदीको पानी पिउन योग्य छैन तर म्याग्दी नदीको पानी पिउनका लागि मिठो र निर्मल छ । अतः यो नदीको पानी पिउनलाई स्वादिलो भएको अर्थमा यसको नाम रहन गएको हो भन्न सकिन्छ ।

मगर-रोमन-नेपाली-लिम्बु-अङ्ग्रेजी संक्षिप्त शब्दकोशमा उल्लेख भए अनुसार मगर भाषामा कुनै पनि चिजको स्वाद थाहा पाउन चाख्नुलाई 'म्याङके' भनिन्छ । म्याग्दी नदीको पानी निर्मल र स्वादिलो भएकोले यो पानीलाई मगर भाषामा 'म्याङके डी' भनिएको र विस्तारै 'के' लोप भएर 'म्याङ डी' मात्र भन्न थालिएको हुन सक्दछ । 'म्याङके' को अर्थ स्वादिलो र 'डी' को अर्थ पानी भन्ने हुन्छ । स्वादिलो पानी भएकोले यो नदीलाई 'म्याङ डी' भनिन्थ्यो । अनि यसको आसपासको क्षेत्रलाई 'म्याङ्दी खोला' भनिन्थ्यो । वि.सं.२०१८ सालमा रघुगङ्गादेखि पश्चिमको म्याङ्दी खोलाको आसपासको क्षेत्रलाई अलगै जिल्ला कायम गरिएपछि यस जिल्लाको नाम नै यही नदीको नामबाट रहन गयो । त्यसपछि 'म्याङ्दी' नामलाई परिष्कृत गरी 'म्याग्दी' भन्न थालियो भन्ने भनाइ अन्य अवधारणाभन्दा बढी तार्किक छ ।

निष्कर्ष

म्याग्दी जिल्लाको नामकरण सम्बन्धमा प्रस्तुत भएका विविध अवधारणाहरुको अध्ययन र विश्लेषणबाट के कुरा स्पष्ट हुन्छ भने यो जिल्लाको नाम 'म्याङ्दी' नदीको नामबाट राखिएको हो र 'म्याङ्दी' मगर भाषाबाट आएको शब्द हो । स्थाननाम कोशमा दिइएको परिभाषा अनुसार 'जनताजनार्दन नै स्थाननामको स्रष्टा हो ।' अर्थात् जुन ठाउँमा जुन जातिको पहिलो बसोबास शुरू भयो त्यहाँका वन, पाखा, जङ्गल, नदी, हिमाल र पहाडका नाम त्यो जातिको भाषाबाट रहनु स्वभाविकै हो । म्याग्दी मगराँत क्षेत्र हो । मगरले बोल्ने भाषा भोट-बर्मेली परिवारको भाषा हो । यद्यपि रघु, म्याग्दी र कालीको दोभानमा पौराणिककालदेखि नै ऋषिमुनिहरुले तपस्या गरेर बस्ने गरेको र उनीहरुले ती नदीलाई जयन्ती, मङ्गला र काली भन्ने गरेको हुन सक्दछ । तर आम जनसमुदायले यी तीनवटै नदीलाई आफ्नै मातृ भाषाको नामबाट पुकार्दथे ।

स्थाननाम कोशमा दिइएको परिभाषा अनुसार भोट-बर्मेली परिवारबाट आएको शब्दको अन्त्यमा 'लङ (लुङ)', 'जोङ (जुङ)', ' ला', 'लग्ना', 'दि', 'खु', आदि प्रत्यय रहन्छन् । 'म्याङ्दी' शब्दको अन्त्यमा 'दी' प्रत्यय आएको छ । त्यसकारण यो शब्दलाई मगर भाषाको शब्द हो भन्ने ठहर गर्न सकिन्छ । मगर भाषामा 'म्याङके' को अर्थ स्वादिलो र 'डी' को अर्थ पानी भन्ने हुन्छ । स्वादिलो पानी भएकोले यो नदीलाई 'म्याङ डी' भनिन्थ्यो । अनि यसको आसपासको क्षेत्रलाई 'म्याङ्दी खोला' भनिन्थ्यो । वि.सं.२०१८ सालमा रघुगङ्गादेखि पश्चिमको म्याङ्दी खोलाको आसपासको क्षेत्रलाई अलगै जिल्ला कायम गरिएपछि यस जिल्लाको नाम नै यही नदीको नामबाट रहन गयो । त्यसपछि 'म्याङ्दी' नामलाई परिष्कृत गरी 'म्याग्दी' भन्न थालियो । लेखक बानियाँ, त्रि.वि.का प्रध्यापक हुनुहुन्छ ।

स्याउ .....

उत्साहीत बनेका मुस्ताङका कृषक बगैचाबाटै बिक्री हुन थालेकोमा अझ दंग छन् । ब्यापारीले अग्रीम पैसा दिएर स्याउ बगैचा ठेक्कामा लिएका हुन् । नटिप्दै बगैचानै खरिद गर्न थालेपछि स्याउले उचित मूल्य र बजार नपाउने समस्या हटेको थासाङ गाउँपालीका २ कोवाङका बसन्त शेरचनले बताउनुभयो ।

उहाँले ४५ बोट स्याउलाई चार लाख २५ हजार रूपैयाँमा बिक्री गर्नुभएको छ । "उत्पादनमा सुधार आएको छ । ब्यापारीको घुईचो लागेको छ" तुलाचनले भन्नुभयो "स्याउको राम्रो मूल्य पाएका छौं ।" भदौको अन्तिम सातादेखि स्याउ टिप्दा उपयुक्त हुने भएपनि कतिपय ब्यापारीले पाक्नु अघिनै स्याउ बजार पुऱ्याउन थालेका छन् ।

दशक अघिसम्म डोको र खच्चर लिएर आउने ब्यापारीलाई फकाई फुलाई स्याउ बेच्नुपर्ने बाध्यता थियो । पहिले बजारमा पुऱ्याउन नसकिदा स्याउ बारीमै कुहीएर खेर जान्थ्यो । सस्तोमा बिक्री गर्नुपर्दथ्यो ।

थासाङ गाउँपालिका १ टुकुचेका निरज तुलाचनको बगैचामा फलेको स्याउ नटिप्दै बिक्री भएको छ । भदौ पहिलो हप्ता ४१० बोटमा फलेका स्याउलाइ ब्यापारीले तिस लाख रूपैयामा ठेक्का लिएका कृषक तुलाचनले बताउनुभयो । "भनेजती मूल्य पाएपछि स्याउ पाक्नु र फल टिप्नु अघिनै पेस्की लिएर बगैचानै ठेक्कामा दिएको हो" तुलाचनले भन्नुभयो "स्याउ किन्न ब्यापारीको प्रतिस्पर्धा छ ।"

थासाङ गाउँपालिका २ कोवाङका नरेन्द्र शेरचनले ४० बोटलाई चार लाखमा ठेक्का दिइसकेका दिईसक्नुभएको छ । गाउँकै आफन्तलाई बगैचा हेरालु राखेर काठमाडौमा एक दशकसम्म ब्यापार गरेका कोवाङका नरेन्द्र शेरचन गाउँ फर्कीएर स्याउ खेतीमा लागेका छन् । बेनी-जोमसोम सडक सञ्चालन भएपछि स्याउले बजार पाउन थालेकाले काठमाडौको ब्यापार छाडेर स्याउ स्याहार्न मुस्ताङ फर्कीएको शेरचनले बताउनुभयो ।

"अरूलाई दिदाँ पच्चिस हजार मात्र आम्दानी हुन्थ्यो" शेरचनले भन्नुभयो "आफैले बगैचा स्याहार गर्न थालेपछि यसपाली उत्पादन पनि बढ्यो, चार लाखमा बगैचा ठेक्कामा लगाएको छु ।" भदौको अन्तिम सातादेखि स्याउ टिप्न सुरू हुने जनाइएको छ । वि.स २०६४ मा बेनी जोमसोम सडकको ट्याक खुलेपछि किसानमा उत्साह र जाँगर पलाउनुका साथै स्याउ खेतीमा उभार आएको छ । रासायनीक मल र बिषादीको प्रयोग नगरिएको, स्वच्छ वातावरणमा उत्पादीत मुस्ताङको स्याउ स्वादीलो र रसीलो हुनाले बजारमा प्रसिद्ध छ ।

बढ्दो तापक्रम र रोगकिराको समस्या स्याउ खेतीमा चुनौतीको रूपमा देखिएको मार्फा शितोष्ण बागबानि विकास फार्मका प्रमुख बालकृष्ण अधिकारीले भन्नुभयो । "पहिले स्याउ खेती हुने लेते र कुञ्जोमा अहिले स्याउका बिरूवानै छैन" अधिकारीले भन्नुभयो "तापक्रम वृद्धीसंगै स्याउखेती विस्तारै माथि चढ्दै गएको छ ।" मुस्ताङको स्याउको गुणस्तर र उत्पादन वृद्धीका लागि कृषकहरूले खेती विस्तारसंगै बगैचा र रोगकिराको ब्यवस्थापनमा प्राथमिकता दिनुपर्ने अधिकारीले बताउनुभयो ।

सबै काम एउटै छानामुनी
कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।
प्रो. सुदर्शनकुमार श्रेष्ठ
दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स
गणेशटोल बेनी, म्याग्दी
फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८
विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

खुल्यो ! खुल्यो !! खुल्यो !!!
तपाई हाम्रै नगरी पर्वत बेनीमा बागलुङ भगवती ड्राईभिङ ईन्स्टिच्युट खुलेको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रा सेवाहरु : : जीप, कार, भ्यान, मोटरसाईकल, स्कुटर सिक्नका लागि हामीलाई सम्झनुहुन अनुरोध गर्दछौं । दक्ष र अनुभवी प्रशिक्षकहरुद्धारा तालिम प्रदान गरिने यस ईन्स्टिच्युटको आफ्नै पर्याप्त र सुबिधायुक्त पूर्बाधार तथा सवारी साधन रहेको जानकारी गराउँदछौं । नोट ग्रुपमा आउनेहरुलाई बिशेष छुटको व्यवस्था समेत रहेको छ ।
प्रो. राम के.सी
बागलुङ भगवती ड्राइभिङ इन्स्टिच्युट
पर्वत बेनी, मल्लाज जाने बाटोमा, सम्पर्क फोन ०६९५२०२११, ९८६७६४११५०, ९८४७७४६८५१

प्रवन्ध निर्देशक - शंकर बराईली मो. ९८५७६९८३३८
प्रो. जीवनकुमार विश्वकर्मा मो. ९८५७६४००३८
"नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना"
जीवन सुन चाँदी दुकान
बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार (फोन ०६९-५२०१३८)
विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माझमा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस "जीवन सुनचाँदी दुकान"ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्झनुहोला ।

कक्षा ११ र १२ का सम्पूर्ण किताबहरु हामीकहाँ आइपुग्यो, आफ्नो प्रति आजै सुरक्षित गर्नुहोस् ।
सगुन स्टेसनरी स्टोर्स
क्याम्पसचोक, बेनीबजार म्याग्दी
फोन :- ०६९-५२००३५, ९८५७६४०२५२, ९८५७६२७०३५
नोटः हामीकहाँ मन्टेश्वरी/प्रि-प्राइमरीका लागि चाहिने सम्पूर्ण सामानहरु तथा पुस्तकालयका लागि चाहिने साहित्यिक पुस्तकहरु सुपथ मूल्यमा उपलब्ध छन् ।

प्रो राजन लामा सम्पर्क : ०६९-५११२००
nfdf /]6/]6 P08 efG5f 3/
बेनी नगरपालिका ८, कोटभण्डारचोक, बेनीबजार, म्याग्दी
हाम्रा सेवाहरु
पिज्जा, बर्गर, तास, सेकुवाका साथै चाइनिज कन्टिनेन्टल, नेवारी खाना ढिडो तथा खाजाका परिकारहरु सफा र स्वादिलो स्वादमा उपलब्ध छ ।
फ्रि होम डेलिभरीको पनि व्यवस्था छ ।
७ कुपन जम्मा गर्नुहोस् -
१ प्लेट म:म/चाउमिन फ्रिमा खानुहोस् ।
१ प्लेट बराबर १ कुपन लिन नबिर्सिनुहोला ।
यो कुपन २०७४ भाद्र महिनासम्म लागुहुनेछ ।

Our Services
Iphone Unlock, Jailbreak & repairing, Nokia, Samsung, LG, Sony, Blackberry, HTC, Flash, Unlock & Repair

प्रो. नरेश श्रेष्ठ
नरेश मोबाइल सेन्टर
हुलाकचोक, बेनीबजार, म्याग्दी
मोबाइल नं. ९८५७६२८०११, ९८४७६१९०११

म्याग्दी जिप्रकादनं. १/०६७/०६८, म्याग्दी जिहुदनं. ०९/०७१/०७२

बोली

शिव सस्मित

बेनी नगरपालिकामा चोरहरूको बिगबिगी बढेको छ । लुटपाट मौलाएको छ । लौ न केही कदम चाल्न पऱ्यो । सुरक्षा गस्ती बढाउनुपऱ्यो ।

कृष्ण बानियाँ

नेपालमा अन्य क्षेत्रमा जस्तै यातायात व्यवसायमा पनि चरम मनोमानी छ । आज काठमाडौंबाट बेनीको लागि चलानी बुझेर १२ जना यात्रु सहित बिहान ७.३० बजे हिडेको बा४ ख १५३० नं को माईक्रो हायस गाडीले साँझ ७ बजे मालढुंगा आएपछि गाडी बेनी जाँदैन भन्दै बेनीका सबै यात्रुलाई झारेर २ जना मात्र यात्रु लिएर बाग्लुङ तर्फ गयो। काठमाडौंको काउन्टरबाट बेनीको लागि यात्रु र चलानी लिएर हिंडेपछि बेनीका यात्रुलाई बेनी पुऱ्याउनै पर्ने हो कि होईन ? बिरामी लिएर आएको म र अन्य यात्रुको मर्का कसले बुझिदिने हो ? अनि ड्राइभर खलासीको यो चरम लापरवाहीलाई कसले कारवाही गर्ने हो ? यातायात व्यवसायी समितिको ध्यानाकर्षण गराउन चाहन्छु ।

कमल विश्वकर्मा

मैले त सुरु गरें, हजुरहरुले नि ???

बेनी नगरपालिकाले सडक अतिक्रमण गरेर बनाईएका संरचनाहरु हटाउन परिपत्र गरे बमोजिम मेरो घरमा बनेको गाडी उकाल्ने संरचना हटाउन सुरु गरें!!! अब हामीहरु सबै आम्नो घरमा त्यस्ता गाडी, बाईक उकाल्ने, अस्थाई टहराहरु स्वःस्फुर्त हटाई हाम्रो नगरलाई सुन्दर सफा बनाउन लागौं !!!! सरकारी निर्णयको सहज कार्यान्वयन गर्न सहयोग गरौं !!!!

सरोज खत्री

जब नेपालमा धर्म,जात र क्षेत्रको नाममा राजनीति शुरु भयो त्यतिबेला सबैभन्दा नोक्सान एमालेलाई भयो । काग्रेस क्षेत्रीयताको मुद्दामा केहि ढुलमुल भएपनि काग्रेसी मजबुत तरिकाले उभिए, ओलिको चट्टानी अडान कै कारण अहिले एमाले फेरि पहिलो पार्टी बन्दैछ । जातिय क्षेत्रीय मुद्दा किनारा लागे,,अब नेपालमा नयाँ पार्टी होइन,पुराना पार्टीमा नयाँ नेतृत्व खोज्नुपर्छ ।

अर्जुन थापा

म्याग्दीका मृगौला रोगी महेन्द्र गर्बुजा भन्छन दाइ म्याग्दीका संसदहरु र नेताले फोन उठाउँदैनन, के म मरुँ त ?

थाली नाचको म्युजिक भिडियो सार्वजनिक

नवविकल्प

म्याग्दीको चिमखोलाबाट सुरु भएको थाली नाच पछिल्लो समय देशभरी नै लोकप्रिय छ । जनजाती समुदायमा थाली नाच संस्कृतिका रूपमा स्थापीत भएको छ ।

मेला पर्व लगायत विभिन्न कार्यक्रमहरूमा थाली नाच प्रदर्शन गर्ने गरिन्छ । गाउँमा पुग्ने पाहुनाहरूको स्वागतका लागि पनि थालीनाच उत्तिकै लोकप्रिय छ । पछिल्लो समय थाली नाचको म्युजिक भिडियो पनि बनाउन थालिएको छ । बिहानी डिजिटल प्रालिको प्रस्तुतिमा दिलकुमारी राम्जाली गर्वुजाको थाली नाच गीतको म्युजिक भिडियो युट्युब च्यानलबाट सार्वजनिक भएको छ ।

कला संस्कृतिको धनी म्याग्दीमा विभिन्न मौलिक पररम्पराहरू रहेको छन् । जातजाति धर्मको आ-आफ्नै परम्परा र संस्कृतिहरू छन् । यस्तै मध्यका थाली नाच पनि एक हो। बिशेष गरी म्याग्दी र आसपासका जिल्लाहरूमा थाली नाच नाच्ने प्रचलन छ । निकै रोचक र आकर्षक थाली नाच म्याग्दीमा मात्र सीमित नभई हाल भने देश विदेशमा समेत पुगिसकेको छ । थाली नाचमा नाच्ने ब्यक्तिले हातमा थाल राखेर हत्केलाले घुमाई-घुमाई नाच्छन् ।

मोडेल दिलकुमारी रामजाली गर्वुजाको लगानीमा थाली नाचको म्युजिक भिडियो तयार पारिएको हो । राम गगनको निकै मिठो मौलिक लय र शब्दमा तयार भएको गीतमा मिना गर्वुजा र लाली बुढाथोकीले निकै मिठो स्वर भरेका छन ।

बिहानी डिजिटलले बजार ल्याएको म्युजिक भिडियोलाई निकै कलात्मक ढंगले प्रस्तुत गरिएको छ । दिलकुमारी रामजाली गर्वुजा,जालामाया बुढाथोकी, पानु रोक्का, मिरा राम्जाली, र किस्मत तामाङको उत्कृष्ट अभिनय रहेको भिडियोलाई उमेश गुरुङले निर्देशन गर्नुभएको छ । मधुर बस्नेतको छायांकन र सुजन शाहीको सम्पादन रहेको छ ।

प्रो. पल्टन शाह

गुप्ता फ्रेस हाउस

क्याम्पसचोक बेनी बजार, म्याग्दी

फोन-०६९-५२०६४४

मो.नं. ९८५७६२२२३७

हामीकहाँ कुखुरा एवम् खसीको ताजा मासु पाइनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

"खेल स्वास्थ्यको लागि - खेलाडि राष्ट्रको लागि"

बौद्ध युवा क्लब, बेनीद्वारा हिन्दुहरुको महान चाड विजया दशमी तथा शुभ दिपावली-२०७४ को पावन अवसरमा धौलागिरी अञ्चलमै सर्वाधिक राशिको पुरस्कार सहित खुल्ला (9-A Side) फुटबल प्रतियोगिता आयोजना गर्दछ ।

तेस्रो बौद्ध कप-२०७४

खुल्ला मञ्च, बेनीबजार, म्याग्दी

प्रथम पुरस्कार: १,२५,०००।- ट्रफि, मेडल र प्रमाणपत्र

असोज १ देखि ५ सम्म

दितिय पुरस्कार: ७०,०००।- ट्रफि, मेडल र प्रमाणपत्र

आयोजक: बौद्ध युवा क्लब, बेनी नगरपालिका-७, मंगलाघाट, म्याग्दी

सह- आयोजक: मंगला आमा समूह, बेनी नगरपालिका-७, मंगलाघाट, म्याग्दी

नाम दर्ता अन्तिम मितिः २०७४ भाद्र ३० गते

स्थानः मंगलाघाट बेनी, म्याग्दी

विविध विधाका पुरस्कारहरु

१. सेमिफाईनलबाट बाहिरिने टिमलाई : रु १५,०००।- ट्रफि र प्रमाणपत्र
२. अनुशासित टिमलाई : रु १०,०००।- ट्रफि र प्रमाणपत्र
३. सर्वोत्कृष्ट खेलाडी : रु. ६०००।- र प्रमाणपत्र
४. सर्वाधिक गोलकर्ता : रु ६,०००।- र प्रमाणपत्र
५. उत्कृष्ट गोलरक्षक : रु ६,०००।- र प्रमाणपत्र
६. उत्कृष्ट स्ट्राईकर : रु ६,०००।- र प्रमाणपत्र
७. उत्कृष्ट मिडफिल्डर : रु ६,०००।- र प्रमाणपत्र
८. उत्कृष्ट डिफेन्डर : रु ६,०००।- र प्रमाणपत्र
९. प्रत्येक खेलको म्यान अफ द म्याच (उत्कृष्ट उपहार)

तेस्रो बौद्ध कप २०७४ बेनी, म्याग्दी

सहयोगी क्लब/संस्थाहरु

मिडिया पार्टनर

सम्पर्क
शिव सेरचन कोषाध्यक्ष (९८४७६२७०४४)
दुर्गा बुढा मगर सचिव (९८०६१६०८९०)
कृष्ण श्रेष्ठ खेल संयोजक एवम उपाध्यक्ष (९८२३१६९२८१)
बिजय किसान अध्यक्ष (९८४७७७४९०७)

ललिपुरांस प्रिन्ट, बेनी

नवविकल्प साप्ताहिक, प्रकाशक/सम्पादकः ठाकुरप्रसाद आचार्य, प्रधान सम्पादक : देवीप्रसाद शर्मा, कार्यकारी सम्पादक : सन्तोष गौतम, कम्प्युटर सेटिङ्ग : प्रमोद शर्मा (९८५७६२१५६०)
कार्यालयः शान्तिटोल, बेनीबजार, म्याग्दी मुद्रणः दीप्ति अफसेट प्रेस, बेनीबजार Email :- bikalpanews@gmail.com, Phone 069-520995, 9847624286